रोम विधानको सम्मिलनपछि नेपालको दायित्व

– विद्या चापागाईं

अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) को रोम विधान अनुमोदनका लागि प्रतिनिधिसभाले संकल्प प्रस्ताव पारित गरि विधानको शिघ्र अनुमोदनका लागि सरकारलाई सुझाव दिएपछि रोम विधानको अनुमोदन सम्बन्धमा छलफल हुन थालेको छ । अन्तर्राष्ट्रिय समुदायले पनि प्रतिनिधिसभाको यस प्रस्तावलाई स्वागत गरेको छ । प्रधानमन्त्री, उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्रीले रोम विधान अनुमोदनप्रति सरकारका साथै आफूहरु पनि सकारात्मक रहेको र अनुमोदन गर्नेतर्फ आवाश्यक कामकारवाही शिघ्र थालनी गर्ने प्रतिबद्धता आईसीसीका लागि एसियाली सञ्जालको अन्तर्राष्ट्रिय प्रतिनिधिमण्डलसमक्ष व्यक्त गरेका थिए ।

सरकारको प्रतिबद्धतालाई व्यवहारिक रुप प्रदान गर्नका लागि नेपालले विधान अनुमोदन गरेको अवस्थामा नेपालमाथि केही दायित्वहरु सुजना हुन जान्छन्, जुन विधानको पूर्ण कार्यान्वयन र अदालतलाई पूर्ण सहयोग गर्नेतर्फ लक्षित रहेको हुन्छ । संवैधानिक व्यवस्थाका साथै फौजदारी र कार्यविधि कानुनलगायत्का राष्ट्रिय कानुनहरुमा रोम विधानले प्रत्यक्ष प्रभाव पार्दछ । अनुमोदनपश्चात् विधानअनुरुप राष्ट्रिय कानुन विशेष गरेर सारभूत र कार्यविधि फौजदारी कानुन बनाई लागू गर्नुपर्ने हुन्छ । रोम विधानको प्रावधानलाई राष्ट्रिय कानुनमा समायोजन गर्नाले राज्यका अधिकारीहरु अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई पूर्ण सहयोग गर्नुपर्ने दायित्वमा बाँधिन्छन् । फलस्वरुप अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार अन्तर्गतका अपराधहरुउपर राष्ट्रिय अदालतमा कारवाही चलाई सजाय गर्न सकिन्छ । विधानको शिघ्र अनुमोदनले नेपालमा शान्ति स्थापना गर्न र कानुनी राजको स्थापना र प्रजातन्त्र सुदृढ गर्न मद्दत पुऱ्याउनुका साथै राष्ट्रिय कानुनलाई अन्तर्राष्ट्रिय कानुन अनुरुपको बनाउन पनि सहयोग गर्नेछ ।

रोम विधानको अनुमोदन गर्ने राज्यले अपराधको अनुसन्धान र कारवाहीमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको आग्रहलाई पालना गर्नु पर्दछ । जसमा आरोपितलाई पक्राउ र हस्तान्तरण गर्नुका साथै सूचना तथा प्रमाण संकलन तथा सम्प्रेषण गर्ने, आरोपित, पीडित र साक्षीको सुरक्षा गर्ने, वारेन्ट जारी गर्ने, खानतलासी र जफत गर्ने, अभियोक्ताले हेरिरहेको मुद्दाका बारेमा राज्यमा कुनै कारवाही चलिरहेको भए त्यसको प्रगतिबारे अभियोक्तालाई आवधिक प्रतिवेदन बुझाउने, अदालतको आदेश र निर्णयहरु कार्यान्वयन गर्ने आदि विषयहरुमा निरन्तर सहयोग र समान्जस्यता कायम राख्नु पर्दछ ।

राज्य पक्षले आफ्नो राष्ट्रिय कानुन तथा कार्यवाहीले अदालतको काम-कारवाहीमा अप्ठ्यारो वा ढिलासुस्ती गराए/नगराएकोतर्फ पनि ध्यान दिनु पर्दछ । अदालतका कार्याधिकारीहरूलाई तिनका कर्तव्य नगर्ने वा अनुचित तरिकाले जोर वा अनुनय गर्ने उद्देश्यले रोक्ने, धाकधम्की दिनु वा भ्रष्टतापूर्वक प्रभावित पार्ने, घुस माग्नु वा स्वीकार गर्नेजस्ता न्यायप्रशासन विरुद्धका अपराधहरुमा राज्यले कारवाही गर्नु पर्दछ । पक्राउ र

हस्तान्तरणसम्बन्धी सरल र स्पष्ट कानुन बनाइए र अप्ठ्याराहरु न्यूनीकरण हुँदै जाने र समयमा नै पूर्ण रुपमा रोम विधान अनुरुपका दायित्वहरु पूरा गर्न सकिन्छ । रोम विधान अनुसार राज्य पक्षका साथ साथै गैरराज्य पक्षहरुले पनि अदालतको काम-कारवाहीमा सहयोग गर्न सक्दछन् । अन्तर्राष्ट्रिय फौजदारी अदालतका अभियोक्तालाई आफ्नो भू-भागमा अनुसन्धान गर्न अनुमति दिनु पर्दछ । तर कतिपय अवस्थामा राज्य सुरक्षाका लागि र राष्ट्रिय कानुनद्वारा निषेध गरिएको अवस्थामा राज्यले अदालतलाई अनुमति नदिन पनि सक्छ ।

अन्तर्राष्ट्रिय फौजदारी अदालत राष्ट्रिय क्षेत्राधिकारको पूरक हो । अन्तर्राष्ट्रिय फौजदारी अदालत राष्ट्रिय अदालतको अधिकारलाई विस्थापित गर्नका लागि नभई राष्ट्रको न्यायिक प्रणाली असफल भई क्रियाशील नभएमा वा सरकार आफैं त्यस्ता अपराधहरुमा सामेल भएमा वा अपराधीहरुको सत्ता र शक्तिका कारणले तिनीहरुलाई सजाय गर्न राज्यका अधिकारीहरु अनिच्छुक र असक्षम भएको अवस्थामा अन्तर्राष्ट्रिय फौजदारी अदालतले आफ्नो क्षेत्राधिकार प्रयोग गर्दछ ।

रोम विधान अन्तर्गत अपराध भनी परिभाषित गरिएका कार्यहरुलाई राष्ट्रिय कानुनमा समेत अपराधीकरण गरि त्यस्ता कार्यमा संलग्नहरुलाई कारवाही गर्नु राज्यको प्रथम दायित्व हुन्छ । दासत्वकरण, जनसमुदायको निष्कासन वा बलात् स्थानान्तरण, यातनालाई अपराधीकरण गर्ने, यौनदासता, करकापको बेश्यावृत्ति, बलात् गर्भधारण, करकापको स्थायी बन्ध्याकरण वा यस्तै गम्भीर खालका यौनहिंसा, राजनीतिक, जातीय, राष्ट्रिय, जनजातीय, सांस्कृतिक, धार्मिक वा लैङ्गिक वा अन्य आधारमा पहिचान्य समूह वा सामूहिकताको दमन, व्यक्तिहरूको बलात् बेपत्ता, बन्धक बनाउने, सैन्य आवश्यकताले पुष्टचाइँ नगर्ने र गैरकानुनी तरिका र स्वेच्छाचारीपूर्वक गरिएको गैरसैनिक व्यक्तिको सम्पत्तिको व्यापक तोडफोड, सैन्य उद्देश्य नरहेका गैरसैनिक वस्तुउपर मनसायपूर्वक आक्रमण गर्ने, पीडित र साक्षीहरुको संरक्षण गर्ने सम्बन्धमा यहाँ न कुनै स्पष्ट कानुन नै छ, न त यस्ता कार्यलाई अपराधीकरण नै गरिएको छ ।

संवैधानिक प्रावधानको व्यवस्था गर्दा नागरिकको सपुदर्गी गर्ने र सरकार वा राज्य प्रमुखले उपभोग गर्ने विशेषाधिकारको निश्चितता रोम विधान अनुरुप गर्नुपर्दछ । हाम्रो संविधानले सपुर्दगी विरुद्वको अधिकारसम्बन्धी व्यवस्था नगरेता पनि देश निकाला विरुद्वको अधिकार सुनिश्चित गरेको छ । सपुदर्गी ऐनमा कुनै अभियुक्तलाई सपुर्दगी गर्नबाट इन्कार गर्नसक्ने अधिकार सरकारलाई प्रदान गरिएको छ, जुन अन्तर्राष्ट्रिय कानुनको सिद्वान्तसँग मेल खाँदैन । विधानको अनुमोदनपश्चात् अदालतको क्षेत्राधिकार राष्ट्रिय क्षेत्राधिकारउपर पूरक हुने भएतापनि राज्य पक्षले संरचनात्मक व्याख्याद्वारा अथवा संविधानको संशोधनद्वारा राष्ट्रिय कानुनलाई विधान अनुकुल बनाउनु पर्दछ ।

अपराधिक क्रियाकलापबाट राज्य प्रमुख तथा सरकारलाई जोगाउने उद्देश्यले अक्सर संविधानमा नै पूर्ण संरक्षण प्रत्याभुति गरिएको हुन्छ । नेपालको संविधानअनुसार राजाले गरेका कुनै कामकारवाहीका सम्बन्धमा प्रश्न उठाउन नपाइने भनि यस्तो विशेषधिकार राजालाई रहेकोमा जेठ ४ गते प्रतिनिधि सभाले राजाको यस्तो विशेषाधिकार नरहने घोषणा गरेपछि राजाको त्यस्तो विशेषाधिकार रहँदैन । फ्रान्स, ब्राजिल र बेल्जियमको संविधानमा जस्तै सरकारले पनि

अन्तर्राष्ट्रिय फौजदारी अदालतको अधिकारक्षेत्रलाई मान्यता प्रदान गरी विधानको प्रावधानलाई हाल मस्यौदा गर्दै गरेको अन्तरिम विधानमा समावेश गर्न सक्दछ ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको प्रमुख उद्देश्य जनसंहार, युद्धअपराध र मानवता विरुद्धका अपराधका अपराधीहरुलाई कारवाही गरी दण्डहिनताको अन्त्य गरी मानवअधिकारको संरक्षण, शान्ति सुरक्षा प्रत्याभूति, न्याय र कानुनी राजको स्थापना गर्नु हो । विधानको अनुमोदनपछि नेपाली कानुनी प्रणालीमा पनि यस्ता मूल्य-मान्यतालाई समाहित गरी विधानमा उल्लेख गरिएका अपराधहरुलाई नेपालमा पनि अपराधिकरण गर्नुपर्दछ । हाम्रो वर्तमान कानुनी प्रणालीमा रोम विधानअन्तर्गतका अपराधहरुलाई समाहित गरिएको छैन ।

हाम्रो कानुनमा मनसायलाई अपराधको सारतत्वको रुपमा लिइन्छ, जुन विधानको भावना विपरीत छ । न्याय प्रणाली निष्पक्ष र यथार्थमा आधारित हुनु पर्दछ । कुनै समूह विशेषको इच्छा अनुरुप वा शक्तिशाली वर्गलाई फौजदारी उत्तरदायित्व वहन गराउने कार्यबाट बचाउने खालको न्याय प्रणाली हुनु हुँदैन । मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघनको मुद्दामा न्याय नदिनु भनेको कानुनी राज्य र राज्यले नागरिकको मानवअधिकारको संरक्षण गर्ने सम्बन्धमा गरेको प्रतिबद्धताको पूर्ण पालना नगर्नु हो । सिद्धान्ततः राष्ट्रिय कानुन अन्तर्राष्ट्रिय कानुन अनुरुपको हुनु पर्दछ । सन्धिका प्रावधान कानुन निर्माण गर्नेका लागि निर्देशक हुने भएकाले सन्धिमा उल्लेख गरिएका कुराहरु नेपाली कानुनी प्रणलीमा समायोजन गर्नु पर्दछ । विधानको प्रावधानलाई व्यवहारमा उतार्न कानुनमा उल्लेखित अपराध र फौजदारी दायित्वको सिद्धान्तलाई विधानमा भन्दा विस्तृतरुपमा नेपालको कानुनमा व्याख्या गरिनु पर्दछ ।

नेपालले विधानको अनुमोदन गर्दैमा मात्र व्याप्त दण्डहिनताको अन्त्य र मानवअधिकार उल्लंघनमा कमी हुँदैन । त्यसका लागि सन्धिको पूर्ण पालना महत्वपूर्ण हुन्छ । विधानको पूर्ण कार्यान्वयनका लागि दोषिउपर कारवाही गरि पीडितलाई न्याय दिन सरकार इच्छुक र सक्षम हुनु पर्दछ भने न्यायालय निष्पक्ष र स्वतन्त्र हुनु उत्तिकै आवश्यक हुन्छ । त्यस्तै अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनमा दख्खल भएका र अन्तर्राष्ट्रिय फौजदारी अदालत संचालनबारे ज्ञान भएका न्यायाधीश तथा कानुन व्यवसायीहरुको आवश्यकता हुन्छ । विधानको कार्यान्वयन र भविष्यमा आन्तरिक सशस्त्र द्वन्द्वलाई निस्तेज गर्न नेपालले गैरअन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वसम्बन्धी जेनेभा महासन्धिको दाश्रो अतिरिक्त आलेख पनि अनुमोदन गरी दण्डहिनताको अन्त्य गर्न ऐन बनाई लागू गर्नु पर्दछ । यसका लागि सर्वोच्च अदालतले दुई वर्षअघि नै सरकारलाई आदेश दिइसकेको छ । अन्यथा यस विधानको कार्यान्वयन स्थिति पनि अन्य महासन्धि सरह नै हुने कुरामा दुईमत छैन ।

❐